**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Nepjol

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# आठहजार क्षेत्रका टप्पा गीतमा अर्थालङ्कार

–डम्बरबहादुर पुन, पिएच.डी.
उपप्राध्यापक,
महेन्द्र बहुमखी क्याम्पसनेपालगन्ज.

–द्वारिकाप्रसाद भण्डारी, एम.फिल.
सहप्राध्यापक
वीरेन्द्र विद्या मन्दिर क्याम्पसटीकापुर, कैलाली

Published by: Research Management Cell, BMC,Tikapur, Kailali, Nepal
Publication: June 2026, Volume: 5, BMC Research Journal
Corresponding Author: Dambar Bahadur Pun[1] Email:dambarpun06@gmail.com
Orcid: https://orcid.org/0009-0008-9548-6336
Dwarika Prasad Bhandari[2] Email: dwarikatkp@gmail.com
Orcid: https://orcid.org/0009-0007-6048-9943
Copyright @ The Author(s).The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).

**लेखसार**

आठहजार क्षेत्रको टप्पा नाचमा पुर्सुङ्डेले सिँगारुलाई टपक्क टिपेर मादल, ट्याम्को र बाँसुरीको तालमा नचाएको पाइन्छ । यस नाचमा गाइने डाँरादाइ टप्पा, स्यालदाइ टप्पा र रिमाली टप्पा गीतहरू यहाँ प्रचलनमा रहेका छन् । यहाँका लोकस्रष्टाले यी गीतमा विभिन्नअलङ्कारहरू प्रयोग गरेकोभेटिन्छ । यस अनुसन्धानमा सामग्री सङ्कलनका लागि क्षेत्रकार्य र विश्लेषणका लागि आगमनात्मक विधिको प्रयोग गरी अलङ्कारहरूको अध्ययन गरिएको छ । यहाँको टप्पा गीतमा मायाप्रेमलाई अत्यधिक बढाई चढाई गरी खाने लाउने वस्तुको रूपमा व्याख्या गरिएको अतिशयोक्ति अलङ्कार, करेलीभन्दा गोल्भिराको अचार बनाउनुपर्छ भन्ने भनाइ फरकफरक भएर पनि व्यङ्ग्यार्थक रूपमा राम्रो काम भन्ने अर्थ भएको एकै प्रकारको धर्मनिर्वाह गरेको प्रतिवस्तुमा अलङ्कारर मनले स्वीकार गरेको माया नपाइएकाले विवाह नै हुन नसक्ने सम्भाव्य कार्यकारण सम्बन्ध भएको सम्भावना अलङ्कारको प्रयोगले गीतलाई सौन्दर्यपूर्ण एवम् मनमोहक बनाएका छन् । यहाँयुवाले युवतीलाई दुईतीन दिन पनि पर्खन नसकेर कहाँ जान लागेकी भनेर प्रश्न गर्ने क्रममा आएका बिबै, शुक र शनिको एकाधर्मान्वय बारसँग भएको तुल्ययोगिता अलङ्कार र युवतीले युवकको प्रेमप्रस्ताव अस्वीकार गरेपछि मायाको चिनोका रूपमा रुमाल मागी त्यसैमा माया बाँधेर बिदा हुने कुराको चर्चा गर्दा करुण रसको अङ्गी रसको रूपमा शृङ्गार रस आएको रसवत् अलङ्कारले गीतलाई प्रभावकारी एवम् मर्मस्पर्शी बनाएका छन् । यस प्रकारको अध्ययनले लोकसाहित्यका अध्येताहरूलाई महत्त्वपूर्ण स्रोतको रूपमा योगदान पुऱ्याउने देखिन्छ ।

***मुख्य शब्दावली*** : टप्पा, सिँगारु, पुर्सुङ्गे, अर्थालङ्कार, एकरेखीय ।

## विषयप्रवेश

टप्पा गीतआठहजार क्षेत्रमा प्रचलित एउटा लोकप्रिय लोकगीत हो । आफूसँग नाच्न तयार भएका सिँगारुलाई टपक्क टिपेर मादल, ट्याम्को र बाँसुरीको तालमा पुर्सुङ्गेले तालैसँग नचाउने भएकोले यसप्रकारको नाचमा गाइने गीतलाई आठहजार क्षेत्रमा टप्पा गीत भनिन्छ । यस गीतलाई विभिन्न क्षेत्रमा विभिन्न नामले चिन्ने गरेको पाइन्छ । टप्पा गीतलाई कतै सिँगारु गीत त कतै कुटकुटे गीत, कतै बन्गारी गीत त कतै ख्याली गीत, झुमरा गीत पनि भन्ने गरेको देखिन्छ । टप्पा गीत वाद्य सामग्री मादल, ट्याम्को, बाँसुरी, पैँजन, मुजुरा र नृत्यका साथमा प्रस्तुत गरेको भेटिन्छ । यस गीतमा सामान्यतया एकजना पुरुष र दुईजना महिला वा महिला भेषका पुरुषहरू नाच्ने प्रचलन रहेको भए तापनि हाल आएर बराबरी सङ्ख्याका महिला र पुरुषहरू सामूहिक रूपमा नाच्ने गरेको पनि पाइन्छ । यसरी नृत्यका साथमा प्रस्तुत गरिने टप्पा गीतलाई महिला पुरुष मिलेर सामूहिक रूपमा गाउने गरेको देखिन्छ । यस क्षेत्रका लोकजनले परापूर्व कालदेखि आलङ्कारिक वाङ्मय श्रवण वाचन गर्दै जाने क्रममा आफ्नो भाषिक अभिव्यक्तिलाई मिठासपूर्ण, आकर्षक र प्रभावकारी बनाउन टप्पा गीतमा पनि आलङ्कारिक भाषाको प्रयोग गरेको भेटिन्छ । यस विषयमा हालसम्म कहीँकतै अध्ययन हुन सकेको देखिँदैन । लोकस्रष्टाले टप्पा गीतमा प्रयोग गरेका तिनै अलङ्कारको अध्ययन यसमा गरिन्छ ।यसका लागि वर्णनात्मक तथा आगमनात्मक विधिको उपयोग गरिएको छ । अध्ययनका क्रममा यस गीतमा विभिन्न प्रकारका अर्थालङ्कारहरू प्राप्त गरिएका छन् । यी अर्थालङ्कारयुक्त टप्पा गीतहरूको पूर्वीय आचार्यहरूले चर्चा गरेको अलङ्कार सिद्धान्तका आधारमा छलफल गर्ने काम यस अनुसन्धानमूलक लेखमा गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

अलङ्कारलाई काव्यको आत्मा मान्ने पूर्वीय आचार्यहरूले चर्चा गरेको काव्य सिद्धान्त नै यस अध्ययनको मूल सिद्धान्त हो । पूर्वीय आचार्यहरूले अलङ्कार सिद्धान्तको परिभाषा गर्ने क्रममा भामहले नारीको आभूषणजस्तै काव्यको सौन्दर्यको कारक अलङ्कारलाई मानेका छन् । उनले वक्रोक्ति र अतिशयोक्तिलाई अलङ्कारिक सौन्दर्यको स्रोत मानेर वैचित्र्ययुक्त र चामत्कारिक भनाइबाट काव्यमा सौन्दर्य उत्पन्न हुने र यसबाट काव्यत्व प्राप्त हुने कुरा उल्लेख गरेका छन् ।दण्डीले काव्यलाई शोभायमान बनाउने तत्त्वका रूपमा अलङ्कारको चर्चा गर्दै काव्य सौन्दर्यको स्रोत अलङ्कारलाई मानेका छन् । उद्‌भटले अलङ्कार नभएमाकाव्यत्व असम्भव हुने कुरा उल्लेख गर्दै काव्यसौन्दर्यको स्रोतका रूपमा गुण र अलङ्कारलाई मानेका छन् । उनले गुण रीति आश्रित र अलङ्कार शब्दाश्रित हुने बताएका छन् । यसैगरी

वामनले काव्य सौन्दर्यको कारकका रूपमा गुण र अलङ्कारलाई स्वीकार गर्दै गुणलाई नित्य र अलङ्कारलाई अनित्य तत्त्वका रूपमा चर्चा गरेका छन् । कुन्तकले काव्यको आकर्षकको केन्द्रका रूपमा अलङ्कार भएको कुरा व्याख्या गर्दै काव्यसौन्दर्यको स्रोतका रूपमा वक्रोक्तिलाई स्वीकार गरेका छन् ।यसै गरी भोजले काव्यलाई सुशोभित पार्ने अनिवार्य तत्त्वका रूपमा चर्चा गरेको पाइन्छ भने क्षेमेन्द्रले काव्य सौन्दर्यमा सन्तुलन ल्याउने तत्त्वका रूपमा उल्लेख गरेको भेटिन्छ । यसरी नै व्यासले काव्यलाई शृङ्गारपूर्ण (सधवा) बनाउने तत्त्व, वाग्भटले काव्यलाई सौन्दर्यमय बनाउने तत्त्व र जयदेवले काव्यलाई सार्थक बनाउने तत्त्वका रूपमा अलङ्कारको चर्चा गरेको देखिन्छ ।पूर्वीय आचार्यहरूका यिनै अलङ्कारसम्बन्धी धारणामा केन्द्रित भई उनीहरूले प्रतिपादन गरेका अलङ्कार लक्षणका आधारमा यस क्षेत्रका टप्पा गीतमा अर्थालङ्कार भए गरेको केलाउने काम यस अध्ययनमा गरिएको छ ।

## अध्ययनको सीमा

प्रस्तुत अध्ययन आठहजार क्षेत्रका टप्पा गीतमा केन्द्रित भएर गरिएको अध्ययन हो । यसमा आठहजार क्षेत्र भनेर चिनिने सल्यान जिल्लाको कपुरकोट गाउँपालिका र रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिका क्षेत्रमा प्रचलित टप्पा गीतमा अलङ्कारको अध्ययन गरिएको छ । यस अध्ययनले यस क्षेत्रका स्यालदाइ टप्पा, डाँरादाइ टप्पा र रिमाली टप्पा गीतमा पाइने अर्थालङ्कारको विश्लेषणलाई अध्ययनको मूल विषय बनाएको छ ।

## शोधविधि

आठहजार क्षेत्रका टप्पा गीतमा अर्थालङ्कार शीर्षकको यो अनुसन्धानमूलक लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यस लेख तयार गर्न वर्णनात्मक र आगमनात्मक विधिको उपयोग गरिएको छ। प्रस्तुत अध्ययनमा आठहजार क्षेत्रका वर्तमान समयका टप्पा गीतमा अलङ्कारको विश्लेषण गरिने भएकाले ऐतिहासिक विकासक्रमलाई नदेखाउने एकरेखीय पद्धति अँगालिएको छ । यसका लागि क्षेत्रकार्यमार्फत विभिन्न गाउँमा पुगेर टप्पा लोकगीत सङ्कलन गरिएको छ। सङ्कलन प्रक्रियामा अवलोकन विधि र छलफल विधिको प्रयोग गरिएको छ, जसले गीतको मौलिकता र सामाजिक सन्दर्भलाई स्पष्ट पार्छ।अलङ्कार सिद्धान्त अध्ययनका लागि पुस्तकालयीय कार्य गरिएको छ। सङ्कलित गीतहरूको विश्लेषणमा आगमनात्मक विधि प्रयोग गरिएको छ, जसअन्तर्गत सुरूमा अलङ्कार लक्षणहरूको चर्चा गर्दै तिनका उदाहरणहरू प्रस्तुत गरिएको छ। त्यसपछि ती उदाहरणहरूको विश्लेषण गरिएको छ। यसरी यी

गीतमा पाइएका अतिशयोक्ति, तुल्ययोगिता, दीपक, रसवत् आदि अलङ्कारको प्रयोगले गीतलाई सौन्दर्यात्मक गहिराइ प्रदान गरेको देखिन्छ।

## परिणाम र छलफल

आठहजार क्षेत्रमा प्रचलित टप्पा लोकगीतमा विभिन्न प्रकारका अर्थालङ्कारहरूको उपस्थिति पाइन्छ। गीत्यात्मक भाषिक अभिव्यक्तिलाई मिठासपूर्ण, आकर्षक र प्रभावकारी बनाउन यहाँका लोकस्रष्टाले अनेक आलङ्कारिक शैलीहरूको प्रयोग गरेका छन्। प्रस्तुत अध्ययनमा यिनै आलङ्कारिक अभिव्यक्तिहरूलाई पूर्वीय साहित्यशास्त्रीय मान्यता अर्थात् अलङ्कार सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ। यसरी टप्पा गीतमा उपमेय-उपमान, अतिशयोक्ति, व्यङ्ग्य, तुल्ययोगिता, दीपक, रसवत् आदिको प्रयोगले गीतलाई सौन्दर्यात्मक गहिराइ प्रदान गरेको देखिन्छ। प्रेम, वियोग, करुणा, सामाजिक यथार्थ र ग्रामीण जीवनका चित्रणलाई अलङ्कारहरूले अझ प्रभावकारी बनाएका छन्। यस अध्ययनमा टप्पा गीतलाई केवल मनोरञ्जनात्मक मात्र नभई साहित्यिक दृष्टिले पनि महत्त्वपूर्ण बनाएको पाइएको छ। यहाँका टप्पा गीतमा विशेष भूमिका निर्वाह गर्ने यही अर्थालङ्कारलाईअलङ्कार सिद्धान्तका आधारमानिम्नानुसार छलफलगरिन्छ :

## टप्पा गीतमा अर्थालङ्कारको प्रयोग

नेपालीमा संस्कृत साहित्यको गहिरो प्रभाव परेको देखिन्छ। संस्कृत वाङ्मयमा रहेका वैदिक तथा लौकिक साहित्यका आलङ्कारिक शैलीहरूले यहाँका जनसाधारणलाई आकर्षित मात्र गरेनन्, उनीहरूको अभिव्यक्तिलाई पनि कलात्मक बनाउने प्रेरणा दिएको देखिन्छ । तत्कालीन समयमा साहित्यलाई मनोरञ्जन र ज्ञानको प्रमुख साधनका रूपमा लिइन्थ्यो, जसले लोकजीवनमा गहिरो छाप छोड्यो।परापूर्व कालदेखि संस्कृत वाङ्मय श्रवण गर्दै आएका लोकजनले आफ्ना विचारलाई मिठासपूर्ण, आकर्षक र प्रभावकारी बनाउन आलङ्कारिक भाषाको प्रयोग गरेको पाइन्छ । यस प्रकारको आलङ्कारिक अभिव्यक्तिहरूले यस क्षेत्रका टप्पा गीत सिर्जनामा विशेष योगदान पुर्‍याएको स्पष्ट हुन्छ । टप्पा गीतलाईश्रुतिमाधुर्य, आस्वादनीयता, आकर्षण, लयात्मकता, उक्तिवैचित्र्य, कलात्मकता, ग्राह्यता, आह्लाद, सौन्दर्य र चमत्कारपूर्ण बनाउन यहाँका लोकस्रष्टाले आलङ्कारिक शब्दहरूको चयन गरेको पाइन्छ।यस क्षेत्रका लोकजनले संस्कृत साहित्यको प्रभावलाई आत्मसात् गर्दै आफ्ना गीतलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । टप्पा गीतमा प्रयोग भएका अलङ्कारहरूले गीतलाई मनोरञ्जनात्मक मात्र नभई साहित्यिक दृष्टिले

पनि महत्त्वपूर्ण बनाएका छन्। यहाँको टप्पा गीतमा पाइने यिनै अलङ्कारहरूको अध्ययन गर्ने कार्य यस लेखमा गरिएको छ ।

यस क्षेत्रको टप्पा गीतमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ । अतिशयोक्ति अलङ्कारयुक्त टप्पा गीतको उदाहरण यसप्रकार छ :

कुवा पानी छ कि छैन मूलपानी सुइजाला

मायै खाउँला मायै लाउँला मायाले पुइजाला

यस गीतमा मायाप्रेमलाई अतिशयोक्तिपूर्ण तरिकाले वर्णन गरिएको छ । लोकगीतको विशेषताअनुसार गीतको पहिलो पङ्क्तिमा लय मिलाउन मूलको पानी सुक्न सक्ने भएकाले कुवा पानी भए नभएको यकिन गर्ने कुराको वर्णन गरिएको छ । यस गीतको दोस्रो पङ्क्तिमा भने मायालाई खाने खाना र लगाउने कपडाको रूपमा व्याख्या गरेको देखिन्छ ।यहाँ माया व्यक्तिव्यक्तिका बिचमा गरिने भावात्मक सम्बन्ध भए पनि यसलाई अध्यधिक बढाइचढाइ गरी खान लाउन पुग्ने कुराको चर्चा गरेर गीतलाई भावात्मक बनाइएको छ । सोमनाथ शर्मा सिग्द्यालले “तथ्य केही बढेको भाव गर्भित भई रमणीय उक्ति भएमा अतिशयोक्ति अलङ्कार हुन्छ” (२०५८, पृ. २३२) भने झैँ यस गीतमा मायाप्रेमलाई अत्यधिक बढाईचढाई गरी खाने लाउने वस्तुको रूपमा व्याख्या गरिएकाले यहाँ अतिशयोक्ति अलङ्कारको प्रयोग भएको प्रस्ट हुन्छ ।

यसैगरी यस क्षेत्रको टप्पा गीतमा तुल्ययोगिता अलङ्कारको प्रयोग भएको पाइन्छ । तुल्ययोगिता अलङ्कारको प्रयोग गरिएको टप्पा गीतको टुक्रा यसप्रकार छ :

आजै बिबै भोलि शुक्र पर्सिको छन्चर

यो ज्यान छोरी नेटी काटी काँ जाने मन छ र ?

यस टप्पा गीतको पहिलो पङ्क्तिमा आज बिहिवार, भोलि शुक्रवार र पर्सि शनिवार भएको उल्लेख पाइन्छ, जसले समयको निरन्तरता र दिनहरूको क्रमलाई देखाउँछ। दोस्रो पङ्क्तिमा युवाले युवतीलाई यो ज्यानलाई छाडेर कहाँ जान लागेकी छ्यौ भनेर प्रश्न गरेको छ। यसले प्रेममा उत्पन्न हुने असुरक्षा र भावनात्मक द्वन्द्वलाई उजागर गर्दछ। यसका साथै, पर्सिको दिनमा भेटेर महत्त्वपूर्ण काम गर्नुपर्ने भएकाले युवतीलाई छाडेर नजान अनुरोध गरिएको छ। यसले प्रेममा जिम्मेवारी, अपेक्षा र सम्बन्धको गहिराइलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको देखिन्छ।कुलचन्द्र गौतमले “प्रकृत अनेक वस्तुको एक धर्ममा सम्बन्ध भएको वर्णन गर्दा तुल्ययोगिता अलङ्क्ार हुन्छ” (२०६८, पृ. ९५) भने झैँ यस गीतमा प्रकृत वा

उपमेयहरू आज, भोलि, पर्सिको एकाधर्मान्वय दिनसँग र बिबै, शुक र शनिको एकाधर्मान्वय बारसँग भएकाले तुल्ययोगिता अलङ्कारको सफल प्रयोग भएको देखिन्छ ।

यसरी नै यस क्षेत्रको टप्पा गीतमा दीपक अलङ्कारको पनि प्रयोग भएको पाइन्छ । दीपक अलङ्कारको प्रयोग भएको टप्पा गीतको नमुना यस्तो छ :

हात्ती चर्ने दाङ मैदान घोरल चर्ने कान
हर्रे कक्कर छैन भने सुरतीले हान

यस टप्पा गीतको पहिलो पङ्क्तिमा हात्ती दाङको मैदानी भूभागमा चर्ने र घोरल कान अर्थात् भिरालो जमिन भएको काल्नो क्षेत्रमा चर्ने दृश्य प्रस्तुत गरिएको छ। यसले प्राकृतिक परिवेश र जनजीवनसँग सम्बन्धित चित्रणलाई उजागर गर्छ। दोस्रो पङ्क्तिमा हरियो कक्कर नभए पनि सुर्तीले तलतल मेटाउन आग्रह गरिएको उल्लेख पाइन्छ। यसले ग्रामीण जीवनका व्यवहार र संस्कारलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको देखिन्छ। यी पङ्क्तिहरूले लोकजीवनका साधारण क्रियाकलापलाई साहित्यिक सौन्दर्यमा रूपान्तरण गर्दै टप्पा गीतलाई प्रभावकारी बनाएका छन्।हेमाङ्गराज अधिकारीले “प्रस्तुत र अप्रस्तुतको बिषयमा धर्मको समानता भएमा दीपक अलङ्कार हुन्छ” (२०५६, पृ. ६१) भने झैं यस गीतमा हात्ती जस्तो जनावर समथर भू-भागमा मात्र चर्न सक्ने कुराको वर्णन गर्दै त्यसको व्यापकताका लागि घोरल समथर भू-भागका साथै भिरालो जमिनमा समेत चर्न सक्ने कुराको वर्णन गरिएको छ । यसको साथै यस गीतमा एक धर्म आहारा (खाना) खोज्ने काम र एक क्रिया चर्ने शब्दको पनि प्रयोग भएकाले यसमा दीपक अलङ्कारको प्रयोग भएको प्रस्ट हुन्छ ।

यस क्षेत्रका टप्पा गीतमा प्रयोग भएका प्रतिवस्तुपमा अलङ्कारले गीतलाई सौन्दर्यपूर्ण बनाउने काम गरेको पाइन्छ । यस अलङ्कारको प्रयोग गरिएको टप्पा गीतको उदाहरण यसप्रकार छ :

गोल्भिराको अचार बनाऊ तितो भो करेली
मुखले बोले बाइलो हुन्छ झिम्काइदेऊ परेली

यस गीतमा प्रस्तुत उपमेयले मुखले बोल्नुभन्दा आँखा झिम्काउनु नै उत्तम भन्ने विचारलाई उजागर गरेको छ। यसको साधारण धर्म बोल्नुभन्दा आँखा झिम्काउनु बेस भन्ने हो। अप्रस्तुत उपमानका रूपमा करेलीको अचार तितो भएकाले गोल्भिराको अचार बनाउन भनिएको छ। यसले जीवनका व्यवहारमा उत्तम विकल्प रोज्नुपर्ने सन्देश दिन्छ। गीतमा प्रयोग भएका यी उपमेय र उपमानहरूले भावनात्मक अभिव्यक्तिलाई गहिरो बनाउँदै सौन्दर्यात्मक प्रभाव सिर्जना गरेका छन्। यसरी, टप्पा गीतमा अलङ्कारको

प्रयोगले सामाजिक सन्देशलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको देखिन्छ।केशवप्रसाद उपाध्यायले “अनेक वाक्यमा एउटै धर्म अनेक प्रकारले देखाई वाक्यार्थको समानता देखाएमा प्रतिवस्तूपमा अलङ्कार हुन्छ” (२०६७, पृ. १२५) भने झैँ यस गीतमा साधारण धर्म बोल्नुभन्दा आँखा झिम्काउनु बेस र करेलीभन्दा गोल्भिराको अचार बनाउनु पर्छ भन्ने फरकफरक भनाइ भएर पनि व्यङ्ग्यार्थक रूपमा यी दुवैले उत्तम कुरा वा राम्रो काम गर्नुपर्छ भन्ने एकै प्रकारको धर्म निर्वाह गरेकाले यसमा प्रतिवस्तूपमा अलङ्कारको प्रयोग भएको स्पष्ट हुन्छ । यसै गरी आठहजार क्षेत्रकाटप्पा गीतमा आक्षेप अलङ्कारको पनि प्रयोग भएको पाइन्छ । आक्षेप अलङ्कारको प्रयोग भएको यस क्षेत्रको टप्पा गीतको नमुना र विश्लेषण यसप्रकार छ :

ताल परेको पोखरीमा माज परेको भेउती

रातभरि अरूको काखी ऐले मेरो छेउती

यस टप्पा गीतको टुक्रामा पोखरीमा भ्यागुताले राज गरेझैँ युवतीले पनि यहाँ राज गरेको चर्चा पाइन्छ। यहाँ युवती रातभरि अर्को युवकको काखमा सुतेर विहानीपख मात्र पहिलो युवकलाई भेट्न आइपुगेकी छे। यस्तो घटनाले पहिलो युवकलाई अचम्ममा पार्छ। यसले प्रेम सम्बन्धमा उत्पन्न हुने अविश्वास, अस्थिरता र भावनात्मक द्वन्द्वलाई कलात्मक ढङ्गले चित्रण गरेको देखिन्छ। गीतले ग्रामीण जीवनका यथार्थ र मानवीय सम्बन्धका जटिलतालाई उजागर गर्दै सामाजिक सन्देशलाई सौन्दर्यपूर्ण रूपमा प्रस्तुत गरेको छ।सोमनाथ शर्मा सिग्द्यालले “निषेधमा विधि र विधिमा निषेध गरेमा आक्षेप अलङ्कार हुन्छ”(२०५८, पृ. २३६) भने झैँ यस गीतमा युवती रातभरि एउटा युवकसँग बसेर पूर्व सोचमा परिवर्तन गरी बिहानपख अर्को युवकलाई भेट्न आएकाले यस गीतमा आक्षेप अलङ्कारको प्रयोग भएको प्रस्ट हुन्छ ।

यस क्षेत्रका लोकगीतमा अधिक अलङ्कारको प्रयोग गरिएको टप्पा गीतको टुक्रालाई यसरी प्रस्तुत गरिएको पाइन्छ :

ओठमा लाली आँखी गाजल कपालै कोरेर

कता गयौ सानु माया मेरो मन चोरेर

यस टप्पा गीतमा विप्रलम्भ शृङ्गारको प्रयोग स्पष्ट देखिन्छ। गीतमा प्रेमिकाको रूप र सौन्दर्यलाई विशेष रूपमा वर्णन गरिएको छ। युवतीले ओँठमा लाली, आँखामा गाजल लगाएकी र कपाल चिटिक्क कोरेकी छे भन्ने चित्रणले उसको आकर्षक रूपलाई उजागर गर्छ। यसरी सजिएर चिटिक्क परेकी सानु मायाको स्मरण गर्दै आज ऊ कुन ठाउँमा पुगेकी होली भन्ने भाव व्यक्त गरिएको छ। यसले प्रेममा उत्पन्न हुने दूरी, प्रतीक्षा र स्मरणलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको छ। विप्रलम्भ शृङ्गारको प्रयोगले गीतलाई भावनात्मक गहिराइ र सौन्दर्यात्मक प्रभाव प्रदान गरेको छ।लेखप्रसाद निरौलाले “आधारभन्दा आधेय र

आधेयभन्दा आधार ठुलो भएमा अधिक अलङ्कार हुन्छ"(२०७१, पृ. २१३)भने झैँ यस गीतमा आधार तत्त्व सामान्य युवतीलाई आधेय तत्त्व अत्यधिक सौन्दर्यको पराकाष्टाको रूपमा वर्णन गरिएकाले यस गीतमा अधिक अलङ्कारको प्रयोग भएको पाइन्छ ।

यसैगरी यस क्षेत्रको टप्पा गीतमा रसवत् अलङ्कारको प्रयोग भएको पाइन्छ । रसवत् अलङ्कारले सजिएको टप्पा गीतको टुक्रा यसप्रकार छ :

सुन्तला चुकिलो भैयो लेऊ बेलौती खान्छु
रुमाल देऊ र माया बान्छु बिदा देऊ र जान्छु

यस टप्पा गीतमा युवकले युवतीप्रति गहिरो प्रणय भाव प्रकट गरेको देखिन्छ। उसले सुन्तला अमिलो भएकाले अम्बा दिन आग्रह गरेको छ, जसले उसको प्रेमिकाप्रति आशक्ति प्रकट गर्छ। युवकले युवतीबाट प्रेमको भिख माग्छ तर युवतीले वास्ता नगरेपछि ऊ निराश हुन्छ। त्यसपछि विरक्त भएर टाढा जाने निर्णय गर्दछ, जसले करुणरसको उत्पत्ति गर्दछ। हिँड्ने बेलामा ऊ युवतीलाई मायाको चिनोको रूपमा रुमाल माग्छ। त्यही रुमालमा माया बाँधेर बिदा देउ न भन्ने प्रसङ्गले सदाका लागि जाने भाव व्यक्त गर्दछ। यसमा करुणरससँगै शृङ्गार रसको झल्को पनि पाइन्छ, जसले गीतलाई भावनात्मक गहिराइ प्रदान गरेको छ।भरतराज पन्तले "कुनै रस अर्को रसको अङ्ग भएमा रसवत् अलङ्कार हुन्छ" (२०५६, पृ. ११५) भने झैँ यहाँ मूल रस करुणको अङ्गी रसको रूपमा शृङ्गार रस आएकाले प्रस्तुत गीतमा रसवत् अलङ्कारको प्रयोग भएको स्पष्ट हुन्छ ।

यसरी नै यहाँको टप्पा गीतमा सम्भावना अलङ्कारको प्रयोग भएको पाइन्छ । सम्भावना अलङ्कारको प्रयोग गरिएको टप्पा गीतको अंश यसप्रकार छ :

सल्यानको सितलपाटी गाइने माग्छ बया
लाउने थिएँ यो मायालाई मनको जस्तो भया

लय मिलाउन आएको यस टप्पा गीतको पहिलो पङ्क्तिमा सल्यानको सितलपाटीमा गाइन ( गन्धर्व)ले बया अर्थात् चामल, पैसा आदि मागेको उल्लेख पाइन्छ। यसले गीतमा साङ्गीतिक परम्परा र सामाजिक व्यवहारलाई जोडेको देखिन्छ। यस गीतको दोस्रो पङ्क्तिमा युवाले मनले चाहेजस्तो माया पाएको भए विवाह गर्ने योजनामा रहेको चर्चा गरिएको छ। यसले प्रेम, आशा र जीवनका आकांक्षालाई उजागर गर्दछ। गीतले ग्रामीण जीवनका यथार्थ र मानवीय सम्बन्धलाई कलात्मक ढङ्गले प्रस्तुत गर्दै टप्पा गीतलाई भावनात्मक र सौन्दर्यात्मक गहिराइ प्रदान गरेको छ।टीकाप्रसाद भट्टले "अनिश्चयार्थ एवम् सर्तात्मक भाव प्रकट गर्ने सर्त र सम्भावना भएको कल्पनाकेन्द्री अलङ्कारलाई सम्भावना अलङ्कार

भनिन्छ" (२०७४, पृ. ५०१) भने झैँ यस गीतमा मन खाएको माया नपाइएकाले विवाह हुन नसक्ने सम्भावना देखाइएकाले सम्भावना अलङ्कारको प्रयोग भएको देखिन्छ ।

यस क्षेत्रको टप्पा गीतमा पनि कारकदीपक अलङ्कारको प्रयोग भएको देखिन्छ । कारक दीपक अलङ्कारको प्रयोग गरिएको टप्पा गीतको उदाहरण यस प्रकार छ :

छ मैना जागिरै खाँए यो कालो कुर्तैले
दैया मर्‍यौं आफ्नै कालले म मरे सुर्तैले

यस टप्पा गीतमा कालो कुर्ता लगाएर युवकले छ महिनासम्म जागिर खाएको प्रस्ग उल्लेख गरिएको छतर यसबीचमा उसको मन परेको व्यक्ति कालगतिले मृत्यु भएको कुरा आएको छ। त्यसपछि ऊ आफ्नै सुर्ताले मृत्युवरण गरेको भाव प्रस्तुत गरिएको छ। यसले प्रेममा उत्पन्न हुने पीडा, वियोग र करुणालाई कलात्मक ढङ्गले चित्रण गरेको देखिन्छ। गीतले जीवनको अस्थिरता र मृत्युको अनिवार्यतालाई उजागर गर्दै मानवीय भावनाको गहिराइलाई प्रकट गरेको छ। यसरी टप्पा गीतले करुणरसलाई प्रभावकारी रूपमा प्रस्तुत गर्दै लोकसाहित्यलाई भावनात्मक र सौन्दर्यात्मक गहिराइ प्रदान गरेको छ। यहाँ अप्पय दीक्षितले "कर्तासँग अनेक क्रियाहरू अन्वित भएमा कारकदीपक अलङ्कार हुन्छ (इ .१९५६, पृ. १८९) भने झैँयस गीतमा म कर्तासँग खानु, लगाउनु, मर्नु क्रियाको सम्बन्ध भएको र यसले अर्थलाई विशिष्टीकृत गरेकाले कारकदीपक अलङ्कारको प्रयोग भएको स्पष्ट हुन्छ ।

यसरी आठहजार क्षेत्रका टप्पा गीतमा यसप्रकारका अर्थालङ्कारको प्रयोग भएको देखिन्छ । यी अर्थालङ्कारले यहाँका टप्पा गीतलाई मर्मस्पर्शी, आकर्षक, मनमोहक, सौन्दर्यपूर्ण र प्रभावकारी बनाउन विशेष भूमिका निर्वाह गरेको देखिन्छ ।

## निष्कर्ष

यस अनुसन्धानमूलक लेखमा आठहजार क्षेत्रका टप्पा गीतमा अर्थालङ्कारको खोजी गर्ने काम गरिएको छ । यहाँको टप्पा गीतमा माया प्रेमलाई अत्यधिक बढाई चढाई गरी खाने लाउने वस्तुको रूपमा व्याख्या गरिएको अतिशयोक्ति अलङ्कार, प्रकृत वा उपमेयहरू आज, भोलि, पर्सिको एकाधर्मान्वय दिनसँग र बिबै, शुक र शनिको एकाधर्मान्वय बारसँग भएको तुल्ययोगिता अलङ्कार र एक धर्म आहरा (खाना) खोज्ने काम र एक क्रिया चर्ने शब्दको पनि प्रयोग भएको दीपक अलङ्कारको प्रयोग भएको पाइन्छ । यसै गरी यस क्षेत्रका टप्पा गीतमा साधारण धर्म बोल्नुभन्दा आँखा झिम्काउनु बेस र करेलीभन्दा गोल्भिराको अचार बनाउनुपर्छ भन्ने फरकफरक भनाइ भएर पनि व्यङ्ग्यार्थक रूपमा यी दुवैले उत्तम कुरा वा राम्रो

काम भन्ने एकै प्रकारको धर्मनिर्वाह गरेको प्रतिवस्तुपमा अलङ्कार, युवती रातभरि एउटा युवकसँग बसेर पूर्व सोचमा परिवर्तन गरी बिहानपख अर्को युवकलाई भेट्न आएको आक्षेप अलङ्कार र आधार तत्त्व सामान्य युवतीलाई आधेय तत्त्व अत्यधिक सौन्दर्यको पराकाष्टाको रूपमा वर्णन गरिएको अधिक अलङ्कारको प्रयोग भएको देखिन्छ । यसरी नै यस भेगका टप्पा गीतमा मन खाएको माया नपाइएकाले विवाह हुन नसक्ने सम्भाव्य कार्यकारण सम्बन्ध भएको सम्भावना अलङ्कार र म कर्तासँग खानु, लगाउनु र मर्नु क्रियाको सम्बन्ध भएको र यसले अर्थलाई विशिष्टीकृत गरेको कारकदीपक अलङ्कारको प्रयोग भएको भेटिन्छ ।यस टप्पा गीतमा युवाले युवतीलाई पर्सिको महत्त्वपूर्ण दिन छाडेर कहाँ जान लागेकी भनेर प्रश्न गर्ने क्रममा आएका आज, भोलि, पर्सिको एकाधर्मान्वय दिनसँग र बिबै, शुक र शनिको एकाधर्मान्वय बारसँग भएको तुल्ययोगिता अलङ्कारले गीतलाई प्रभावकारी बनाएको भेटिन्छ । हात्ती दाङको मैदानी भागमा र घोरल कान (भिरालो जमिन भएको ठाउँ, काल्नो) मा चर्ने कुराको वर्णनमा एक धर्म आहारा ( खाना) खोज्ने काम र एक क्रिया चर्ने शब्दको पनि प्रयोग भएको दीपक अलङ्कारले गीतलाई आकर्षक बनाएको भेटिन्छ । युवकले युवतीलाई प्रणय भाव प्रकट गरी प्रेमको भिख माग्दा युवतीले वास्ता गरेको नदेखिँदा युवकले मायाको चिनो रुमाल मागेको र त्यही रुमालमा माया बाँधी बिदा भएर जाने कुराको चर्चा गर्दा मूल रस करुणको अङ्गी रसको रूपमा शृङ्गार रस आएको रसवत् अलङ्कारले गीतलाई मर्मस्पर्शी बनाएको पाइन्छ ।यसप्रकारका अर्थालङ्कारले यस क्षेत्रका लोकगीतलाई सौन्दर्यपूर्ण, आकर्षक, प्रभावकारी, हृदयस्पर्शी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । प्रस्तुत अध्ययन नेपाली वाङ्मयको भण्डारमा थपिएको एउटा लेख र लोकसाहित्यका अध्येताका लागि समेत थप उपयोगी हुने देखिन्छ ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङराज (२०५६). *पूर्वीय समालोचना सिद्धान्त* (छैटौं संस्क.). साझा प्रकाशन ।

आचार्य, लक्ष्मीप्रसाद (२०४७). *अलङ्कार सागर सोपान.* श्रीकृष्णहरि शर्मा ढुङ्गाना ।

उपाध्याय, केशवप्रसाद (२०६७). *पूर्वीय साहित्य सिद्धान्त* (पाँ.सं.). साझा प्रकाशन ।

गौतम, कुलचन्द्र (१९६८). *राघवालङ्कार* . कुलचन्द्र गौतम स्मृति संस्था ।

निरौला, लेखप्रसाद (२०७१). *माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार.* विद्यार्थी पुस्तक भण्डार ।

पन्त, भरतराज (२०५६). *नेपाली अलङ्कार परिचय.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

भट्ट, टीकाप्रसाद (२०७४). *प्रभासगीता महाकाव्यमा अलङ्कार प्रयोग* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). अनुसन्धान केन्द्र, ने.सं.वि. ।

भट्टराई, गोविन्दप्रसाद (२०३१). *पूर्वीय काव्य सिद्धान्त.* ने.रा.प्र.प्र. ।

शर्मा सिग्द्याल, सोमनाथ (२०५८). *साहित्यप्रदीप.* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन.* शिखा बुक्स ।